# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.: ०८१।८२
च.नं.: ५५१

मितिः-२०८१।०६।०८

श्री वडा कार्यालय (सवै),
केराबारी गाउँपालिका, मोरङ ।

विषय : उपभोक्ता समितिवाट हुने आयोजना कार्यान्वयनका लागि मार्गदर्शन सम्वन्धमा ।

आ.व २०८१।८२ का लागि गाउँ सभाको चौधौं अधिवेशनवाट स्वीकृत बजेटबाट संचालन गरिने आयोजनाहरू मध्ये उपभोक्ता समिति मार्फत संचालन गरिने वडा सिलिङ तर्फका आयोजनाहरु (स्थानीय राजश्व बाँडफाड वाहेक) कार्यान्वयनका लागि देहाय बमोजिमको मार्गदर्शनको पालना गर्दै आयोजना सम्झौता गर्न उपभोक्ता समिति गठन गर्ने प्रकृया अगाडि वढाउनहुन र सोको जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा गराउनहुन अनुरोध छ ।

देहाय

१. उपभोक्ता समिती गठन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने समुदायको आम भेलाबाट ७ (सात) देखि १३ (तेह्र) सदस्य हुनुपर्नेछ ।

२. उपभोक्ता समितिका सदस्यहरुमा कम्तिमा ३३% महिला अनिवार्य हुनु पर्नेछ । समीतीको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना महिला पदाधिकारी अनिवार्य हुनुपर्नेछ ।

३. एउटै समयमा एक व्यक्ति एउटा उपभोक्ता समितिको मात्र सदस्य हुन पाउने छ, साथै एकाघर परिवारबाट एक जना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन । भएको पाईएमा सो समिति सम्झौताका लागि अमान्य हुनेछ ।

४. उपभोक्ता समितीमा राजनैतिक दलको वडा वा सो भन्दा माथिल्लो जुनै पनि कमिटिको पदाधिकारी, सरकारी कोषवाट तलव भत्ता खाने कर्मचारी, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु पर्छौट नगरेको तथा सरकारी सम्पति हिनामिना गरेको व्यक्ति सदस्य हुन पाउने छैन । यस अगाडी उपभोक्ता समितीमा बसी आयोजनाको काम पुरा नगर्ने व्यक्ति सदस्य हुन पाउने छैन ।

६. उपभोक्ता समिति गठन गर्दा सम्भव भएसम्म समावेसी हुने गरि गठन गर्नुपर्दछ ।

७. आयोजना संचालनका लागि उपभोक्ता समिती गठन गर्दा कम्तिमा ७ (सात) दिन अगाडी सार्वजनिक सूचना जारी गर्नुपर्दछ र सो को जानकारी यथासिघ्र गाउँ कार्यपालिकाको कार्यालय योजना शाखाको इमेल ठेगाना yojana.kerabari@gmail.com मा पठाएको हुनु पर्नेछ ।

८. उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम आफैले गर्नु/गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न/गराउन पाइने छैन । सो को प्रभावकारी अनुगमन वडाबाट हुने व्यवस्था गर्नु पर्ने छ ।

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.np, फोन नं. ०२१-५०३११०

१२. कुनै एउटा टोल विकास संस्था को क्षेत्रफलमा संचालन हुने आयोजना उपभोक्ता समितीबाट संचालन गरीएको रहेछ भने सम्बन्धित टोल विकास संस्थाले सुपरीवेक्षण तथा अनुगमन गरी वडा कार्यालयलाई सोको जानकारी गर्ने/गराउने व्यवस्था गर्नु पर्ने छ ।

१३.वडा स्तरीय आयोजना संचालनका लागि उपभोक्ता समिती गठन गर्दा सम्वन्धित वडाको अध्यक्ष वा वडा सदस्य र कार्यालयले तोकेको कार्यालय प्रतिनिधीका रोहवरमा गई गर्नुपर्नेछ ।

१४.पालिकास्तरीय आयोजनाहरुमा उपभोक्ता समिती मार्फत संचालन गर्ने आयोजनाहरुको विवरण कार्यालयले पत्र पठाए पछि मात्र गर्ने/गराउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१५.माथि उल्लेख गरेका मार्गदर्शनका अतिरिक्त उपभोक्ता समिती गठन गर्दा उपभोक्ता समितीका सदस्य को देहाय बमोजिममा योग्यता पुगे नपुगेको यकिन गरी सोही अनुसार गर्नु/गराउन पर्नेछस

<u>उपभोक्ता समितीका सदस्यको देहाय वमोजिमको योग्यता हुनु पर्दछः</u>

क. सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा वा सम्बन्धित क्षेत्रमा जग्गा जमिन भएको,

ख. १८ बर्ष उमेर पुरा भएको नेपाली नागरिक,

ग. फौजदारी अभियोगमा अदालत बाट कसुरदार नठहरिएको,

घ. सरकारी बाँकी बक्यौता वा पेश्की फछ्यौंट गर्न बाँकी नरहेको,

ङ. अन्य उपभोक्ता समितिमा सदस्य नरहेको,

च. केराबारी गाउँपालिकालाई तिर्न र बुझाउनु पर्ने सम्पति कर लगायतका सवै प्रकारका दातित्व तिरेको/बुझाएको हुनुपर्नेछ ।

१६. उपभोक्ता समितिका पदाधिकारी (अध्यक्ष, कोषाध्यक्ष र सचिव ) मध्येबाट आफैले माईन्युट लेख्न सक्ने साक्षर हुन पर्ने छ ।

१७. उपभोक्ता समितिका पदाधिकारीले आयोजनाको भुक्तानीका कागजात तयार गरी स्वयं उपस्थित भई कार्यलयमा पेश गर्नु पर्ने छ ।

१८. उपभोक्ता समिति गठनका लागि बस्ने बैठक बस्दा र खर्च सार्वजनिकिकरण गर्दाको बैठक बस्दा उपस्थित सम्पूर्ण पदाधिकारी र आम उपभोक्ताको हस्ताक्षर र मोबाईल नं. अनिवार्य हुनुपर्नेछ ।

१९. यहाँ समावेश नभएको हकमा प्रचलित कानून वमोजिम गर्नु/गराउनुहुन ।

अर्जुन घिमिरे
निमित्त प्रमुख प्रशासकीय अधिकृत